**ललितपुरस्थित हिरण्यवर्ण महाविहार तथा दिगि छेँमा क्षमा पूजा गर्दै संरक्षण तथा प्रबलीकरण कार्य सुरु**

संरक्षण कार्य सुरु गर्नु पूर्व क्षमा माग्ने रिति अनुसार ललितपुरका स्थानीय समुदायले हिरण्यवर्ण महाविहार तथा दिगि छेँमा क्षमा पूजा गरेका छन् । काठमाडौंस्थित भारतीय राजदूतावास, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, नेपाल सरकार तथा INTACH का अधिकारीहरुले उक्त पूजामा सहभागीता जनाएका थिए । नेरु. १८.१ करोडमा उक्त महाविहारको संरक्षण हुन लागेको हो ।

सुनौलो मन्दिरको रुपमा परिचित हिरण्यवर्ण महाविहार युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत ललितपुरस्थित पाटन दरबार क्षेत्रको स्मारक क्षेत्रमा अवस्थित छ । यो मन्दिर पाटनका बौद्घ मन्दिर विहारहरुमध्ये सबैभन्दा महत्वपूर्ण विहार हो ।

भूकम्पले क्षति पु¥याएका नेपालका २८ वटा सांस्कृतिक सम्पदाको पुनर्निर्माण र संरक्षणका लागि भारत सरकारले ५० मिलियन अमेरिकी डालर आर्थिक सहयोग गर्ने प्रतिबद्घता जनाइसकेको छ । यो परियोजना पनि ती २८ वटा परियोजना भित्रकै एक हो ।  ललितपुर जिल्लामा सातवटा सांस्कृतिक सम्पदा परियोजनाको संरक्षण हुन लागेको छ जसमध्ये पाँचवटा परियोजनामा संरक्षण कार्य भइरहेको छ ।

२०७८ श्रावण १५